आज मिति २०७६ साल मंसिर महिनाको २७ गते मंगलवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगरपालिकाको "एघारौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| [signature] | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| [signature] | २, | उप-प्रमुख | श्री पद्मा गुरुङ |
| [signature] | ३, | प्र.प्र.अ. | श्री इमनाथ कंडेल |
| अनुपस्थित | ४, | वडा अध्यक्ष (वडा नं. १) | श्री दुर्गा वहादुर बुढाथोकी |
| [signature] | ५, | — " — (२) | श्री मदन वहादुर राना |
| [signature] | ६, | — " — (३) | श्री चित्र वहादुर दर्नाई |
| [signature] | ७, | — " — (४) | श्री गम वहादुर गुरुङ |
| [signature] | ८, | — " — (५) | श्री इन्द्र वहादुर गुरुङ |
| [signature] | ९, | — " — (६) | श्री प्रकाश थापा |
| [signature] | १०, | — " — (७) | श्री ऋषिराम बस्नेत |
| अनुपस्थित | ११, | — " — (८) | श्री पवित्रा थापा राना |
| [signature] | १२, | — " — (९) | श्री खुशिजङ गुरुङ |
| [signature] | १३, | — " — (१०) | श्री गंगा वहादुर थापा |
| [signature] | १४, | — " — (११) | श्री शिव प्रसाद जोशी |
| [signature] | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| [signature] | १६, | — " — | श्री मोतीनाथ कुलाल |
| [signature] | १७, | — " — | श्री कल्पना थापा बोहरा |
| [signature] | १८, | — " — | श्री विमला न्यौपाने अधिकारी |
| [signature] | १९, | — " — | श्री सुक माया गुरुङ |
| [signature] | २०, | — " — | श्री सुक माया घर्ति |
| [signature] | २१, | — " — | श्री मनिता परियार |

सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| [signature] | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| [signature] | २३, | अधिकृत छैठौं | श्री गोविन्द वहादुर राउत |

[signature]
गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ मंसिर २७ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
- नगरसभाको बाह्रौं अधिवेशन सम्बन्धमा ।
- जिससको जग्गा भोगाधिकार सम्बन्धमा ।
- लागत साझेदारीतर्फका आयोजना सम्बन्धमा ।
    - सडक कालोपत्रे
    - सामुदायिक भवन
    - दलित सामुदायिक भवन
- प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजनाहरुको सम्बन्धमा ।
- सडक बोर्ड तर्फको आयोजनाको सम्बन्धमा ।
- क्रसर प्लान्ट स्थापना र सञ्चालन सम्बन्धमा ।
- कार्यविधि स्वीकृत सम्बन्धमा ।
    - मध्यम अपांगता भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९
    - ६० वर्ष माथिका एकल पुरुष भत्ता वितरण कार्यविधि २०७९
- विपन्न घर परिवारहरुको तथ्यांक संकलनको रकम सम्बन्धमा । प्रति वडा २५ हजार
- करार सेवामा प्राविधिक राख्ने सम्बन्धमा ।
- ११ नं वडामा कार्यालय सहयोगी राख्ने सम्बन्धमा ।
- दुई वटा वडा हेर्ने प्राविधिक तथा वडा सचिवहरुको सम्बन्धमा ।
- सवारी साधन खरिद सम्बन्धमा ।
- नगर बाल अधिकार समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।
- बालमैत्री स्थानीय शासन नगर समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।
- स्थानीय स्वास्थ्य विमा संयोजन समिति पुनर्गठन सम्बन्धमा ।
- औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा । (मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघातका विरामी)
- स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप जाँचको लागि आवश्यक बजेट सम्बन्धमा ।
- जिन्सी सामाग्री वितरण मापदण्ड निर्धारण सम्बन्धमा ।
- योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा । (वडा नं ६, ११, २, ३.)
- करार सेवामा राखिएका प्राविधिकहरुको अनुमोदन सम्बन्धमा ।
- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।
- ढुंगा, गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।
- सडकबत्ती व्यवस्थापनको सम्बन्धमा ।
- औद्योगिक ग्रामको डिपिआरको म्याद थप सम्बन्धमा ।
- नगरपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।
- विविध
    - घ वर्गको निर्माण व्यवसायी स्वीकृत सम्बन्धमा ।
    - घर निर्माणको स्वीकृति सम्बन्धमा ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

- कार्यक्रम सञ्चालनको लागि अनुमति दिने सम्बन्धमा ।
- बेतलबी विदा स्वीकृत सम्बन्धमा ।
- घर भाडा सम्झौताका म्याद थप सम्बन्धमा ।
- वडा कार्यालय तथा स्वास्थ्य चौकीको विद्युत महशुल सम्बन्धमा ।
- नगरपालिकामा स्तनपान कक्ष स्थापना गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ मंसिर ५ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थावारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : नगरसभाको बाह्रौं अधिवेशन सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको नगरसभाको बाहौं अधिवेशन तथा चालु आ..व २०७९।८० को प्रथम अधिवेशन यही २०७९।०९। २२ गते शुक्रबारका दिन विहान ११.०० बजे आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : जिल्ला समन्वय समितिको जग्गा भोगाधिकार हस्तान्तरण सम्बन्धमा ।**

आफ्नो नाममा जग्गा नभएको कारण बेसीशहर नगर कार्यपालिकाको प्रशासकीय भवन हालसम्म निर्माण हुन नसकी हाल नापी कार्यालय भवनमा नगर कार्यपालिका रहेको अवस्थामा बेसीशहर नगरपालिका वडा नं ८ स्थित जिल्ला समन्वय समिति (साविक जिल्ला विकास समिति) रहेको पुरानो भवन भएको जग्गा बेसीशहर नगरपालिकाको नाममा भोगाधिकार हस्तान्तरण हुने व्यवस्थाको लागि गत जिल्ला सभाबाट भएको निर्णय प्रति आभार व्यक्त गर्दै भोगाधिकार हस्तान्तरणको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : लागत साझेदारीतर्फका आयोजना सम्बन्धमा ।**

चालु आव २०७९।८० मा नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत साझेदारीमा सञ्चालन गरिने योजनाहरुको लागि प्रकाशित सूचना वमोजिम निवेदन/प्रस्ताव पर्न आएका देहायका सडक तथा भवनतर्फका आयोजनाहरुको प्रविधिक लागत अनुमान तयार गरी एवम् अपुग श्रोत समेत सुनिश्चित गरी आगामी बैठकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**(क) सडक कालोपत्रेतर्फ :**

१. सेराकुना आहालेमूल सडक, बेनपा ८
२. बेसीशहर चामे सडक शाखा सडक स्तरोन्नति, बेनपा ७
३.तुरतुरेदेखि ब्रिटिश वयेलफेयर गेटसम्म सडक ढलान, बेनपा ७
४.धुम्काडाँडादेखि संग्रहालयसम्मको सडक कालोपत्रे, बेनपा ३
५. शान्तिमार्ग ढलान, बेनपा ७
६. वाणिज्य मार्ग ढलान तथा कालोपत्रे, बेनपा ७
७. वडा कार्यालय जोडिने मूल सडकबाट डाँडागाउँ हुँदै सिरुबारी जाने सडक ढलान, बेनपा १०
९. ओम शान्ति भवन हुँदै उद्योग वाणिज्य संघ निस्कने सडक, बेनपा ७

११. वाणिज्य मार्ग कालोपत्रे, बेनपा ७

११. पप्लेकुवादेखि वायोटार हुँदै फड्केमुखसम्मको त्रिवेणी जोड्ने सडक कालोपत्रे, बेनपा ११

**(ख) सामुदायिक भवन निर्माण तथा स्तरोन्नतितर्फ :**

१.कुलमाध आमा समुह सामुदायिक भवन निर्माण बेनपा १०

२.स्थानीय धर्मसिं समाज सामुदायिक भवन निर्माण, बेनपा ७

३.हिमचुली आमा समुह सामुदायिक भवन निर्माण, बेनपा १०

४.जलदेवी आमा समुह सामुदायिक भवन निर्माण, बेनपा ४

५.अलकापुरी आय आर्जन समुह भवन निर्माण, बेनपा ६

६.नेपाल ह्योल्मो समाजको सामुदायिक भवन निर्माण, बेनपा ८

७.क्षितिज आय आर्जन महिला समुह भवन निर्माण, बेनपा ६

८.प्रगतिशिल आय आर्जन समिति भवन निर्माण, बेनपा ६

९. नेपाल मगर संघको भान्साघर निर्माण, बेनपा ८

१०.शान्तिटोल सामुदायिक भवन निर्माण, बेनपा ९

११.मूलाबारी सामुदायिक वन उपभोक्ता समुह भवन निर्माण, बेनपा ९

१२.कर्मटासी छोयलिङ खुसुगुम्बा समुह भवन निर्माण, बेनपा १०

१३.महाबोधी धर्मचक्र हिपव्युङ्ने समाज भवन निर्माण, बेनपा ३

१४.घडेरीडाँडा सामुदायिक भवन निर्माण, बेनपा ५

१५.धर्मगुठी ट्रस भवन निर्माण, बेनपा ७

१६.देवी महिला समुह भवन निर्माण, बेनपा १०

१७.कालिका आमा समुह भवन निर्माण, बेनपा १०

१८.पुरानोकोट जलदेवी तमु समाज भवन निर्माण, बेनपा ४

१९.मिलनचोक टोल विकास भवन निर्माण, बेनपा ९

२०. सहनशील आमा समुह भवन निर्माण, बेनपा ७

**(ग) दलित सामुदायिक भवन निर्माण तथा स्तरोन्नतितर्फ :**

१.विश्वकर्मा एकता समाज भवन निर्माण, बेनपा ७

२.गोदावरी आमा समुह भवन निर्माण, बेनपा ३

३.मगरपात्ले दलित भवन निर्माण, बेनपा ३

४.तल्लो खासुरटोल दालित सामुदायिक भवन निर्माण, बेनपा १०

**निर्णय नं. ५ : प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजनाहरुको सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ देहायका आयोजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

<u>वडा न १</u>

१) पाण्डे गाउँ देखि नयाँगाउँ हुदै भुमेथानसम्म सिंडी निर्माण,

२) चामबोटे चौतारादेखि भन्ज्याङ जाने बाटोमा सिंढी निर्माण ,

३) धिमिरे रतनपुर गोरेटो बाटो सिंढी निर्माण

<u>वडा न २</u>

१)चिसापानी ठुलोपँधेरा देखि कोलास्वाँरा सम्म गोरेटोबाटो,

२) हिलेफाँट हुदै मगरगाउँ जोड्ने गोरेटोबाटो,

३) टारगाउँ, कोकलेडाडा, भुर्तेलगाउँ गोरेटोबाटो,

४) पिप्ले देखि बल बहादुरको घरसम्म गोरेटोबाटो

<u>वडा न ३</u>

१)कमलटारी मगरपाल्ले गोरेटोबाटो ,

२)टापु मरनघाट गोरेटो बाटो ,

३)स्वामिचौतारा गोरेटो बाटो ,

४) मिलनटोल तिनधारे गोरेटो बाटो ,

५)थापा चौतारा कलिकाठ मोटरबाटो नालासुधार तथा स्तरउन्नती

<u>वडा न ४</u>

१)नाला खन्ने तथा सरसफाई एवं मोटरबाटो मर्मत

<u>वडा न ५</u>

१)डांडागाउँ गोरेटो बाटो स्तरउन्नती,

२) पुरानोगाउँ मोटरबाटो स्तरउन्नती,

३) ज्यार्खाङ सिंढी निर्माण,

४)होदोकु दलित बस्ति सिढी निर्माण

<u>वडा न ६</u>

१) सेरा गोरेटो बाटो निर्माण,

२) सारिङ गोरेटो बाटो निर्माण ,

३) पुमा गोरेटो बाटो निर्माण ,

४) मकैडाडा सारिङ मोटरबाटो मर्मत संभार

<u>वडा न ७</u>

१) चण्डीस्थान जाने मोटरबाटो बाट बालरत्न प्रा. वि. सिंढी निर्माण (तल्लो साम्दी)

२) मैगुम पातला देवी सिढी निर्माण

<u>वडा न ८</u>

१)रावल चौताराबाट साउने पानी जोड्ने बाटो स्तरुन्नती

२)सम्भु रावलकोघरबाट सार्कीगाउँ जाने बाटो स्तरुन्नती

३)काजिवारीबाट मोहन रावल घर हुदै डांडापारी जोड्ने बाटोको स्तरुन्नती

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ नेपाल

गमान सिंह अर्याल नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

**वडा न ९**

१)कस्मारङ देखि नाल्माजाने मोटर बाटो सम्म अधुरो सिंढी निर्माण

२) डुडे मोटरबाटो बाट छहरे राजुको घरसम्म सिंढी निर्माण

३) हुरहुरे तल्लो बारी मोटरबाटोबाट फलेतोको पधेरोसंम गोरेटो बाटो निर्माण

**वडा न १०**

१) अक्कार हुदै चामबोटे हुदै इन्द्रेणी टोलसम्म आवश्यक स्थानमा रेलिङ सहित सिंढी बाटो निर्माण,

२)भोटेफाँट देखि डाडागाउँ सिरुबारी हुदैबाह्रपोखरी पर्यटन पदमार्ग गोरेटो बाटो सिढी निर्माण,

३) भोटेफाँट बजार क्षेत्र नाली निर्माण

**वडा न ११**

१)कार्कीडांडा - बुढीकुवा सडक नाला निर्माण तथा सरसफाई,

२) धौ खोला -बगैचा - पण्डित थोक - हे.पो. - तिलाहार सडक नाला निर्माण,

**निर्णय नं. ६ : सडक बोर्ड तर्फको आयोजनाको सम्बन्धमा ।**

सडक बोर्ड नेपाल र बेसीशहर नगरपालिकाको साझेदारीमा बेनपा ११ स्थित चित्रे बानियापँधेरो सडक गत आ.व.मा सम्झौता भई कार्य सम्पन्न भएको तर कार्यक्रमको सहमति र रकम निकासा चालु आ.व. मा भएको हुँदा उक्त आयोजनाको भुक्तानीको सम्बन्धमा छलफल हुँदा नगर उपप्रमुख, सम्वन्धित वडाको वडाध्यक्ष र नगरपालिकाको पूर्वाधार शाखा प्रमुखले स्थलगत अनुगमन गरी सो प्रतिवेदन समेतको आधारमा प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ : क्रसर प्लान्ट स्थापना र सञ्चालन सम्बन्धमा ।**

पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पालुङटार गोरखाको च.नं २६८ मिति २०७९।०८।२४ को प्राप्त पत्रमा पुष्पलाल (मध्यपहाडी) राजमार्गको पाउँदीढिक सुन्दरबजार किरिञ्चे सडक खण्ड कन्टेक निर्माण प्रा.लि.मार्फत निर्माणाधिन अवस्थामा रहेको र सडक निर्माणको लागि आवश्यक नदिजन्य निर्माण सामाग्री बेसीशहर नगरपालिका वडा नं १ रिठ्ठेबगरमा पाइने र उक्त योजनाको IEE रिपोर्टमा समेत निर्माण सामाग्रीको श्रोत मर्स्याङ्दी खोला भनि उल्लेख भएकोले सो स्थानमा कसर प्लान्ट स्थापनाको लागि नियमानुसार व्यवस्था मिलाइदिन अनुरोध भई आएको सम्बन्धमा यस बैठकमा छलफल हुँदा उक्त आयोजना राष्ट्रिय गौरबको आयोजना भएको र यस्ता प्रकृतिका आयोजनामा आउन सक्ने बाधा अड्चनलाई हटाउँदै सफल बनाउने दायित्व स्थानीय तहको समेत भएको महशुश गर्दै नेपाल सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ तथा गण्डकी प्रदेश सरकारले जारी गरेको ढुंगा, गिटी, बालुवा उत्खनन्, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ समेतको आधारमा प्रचलित विधि विधान अन्तर्गत रही वातावरणीय अध्ययन प्रतिवेदनको समेत पालना हुने गरी तथा विचमा कुनै जटिल समस्या आएमा तुरुन्त बन्द समेत गर्न सक्ने गरी अस्थायी रुपमा २०८० असार मसान्तसम्म क्रसर प्लान्ट स्थापना र सञ्चालन गर्न उक्त निर्माण कम्पनीलाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

गमान सिंह अर्याल नगर प्रमुख

**निर्णय नं. ८ : कार्यविधि स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको देहायका कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो

(क) बेसीशहर नगरपाकिलाको मध्यम अपांगता भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९

(ख) बेसीशहर नगरपालिकाको एकल पुरुष भत्ता वितरण कार्यविधि २०७९

**निर्णय नं. ९ : विपन्न घर परिवारहरुको तथ्यांक संकलन सम्बन्धमा ।**

"बेसीशहर नगरपालिकाको विपन्न घरपरिवार पहिचान कार्यविधि, २०७९" बमोजिम विपन्न घरधुरीको तथ्यांक संकलनको लागि नगरसभाबाट अ.ल्या. शिर्षकमा विनियोजित रकम प्रति वडा रु २५ हजारका दरले उपलब्ध गराउने र उक्त तथ्यांक सवै वडाहरुले २०७९ पौष २० गते भित्र नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० : करार सेवामा प्राविधिक पदपूर्ति सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको पूर्वाधार शाखामा प्राविधिक जनशक्तिको कमी भएको हुँदा बेसीशहर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ अनुसार देहाय बमोजिमका प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो ।

देहाय:

(क) सव.इन्जिनियर (सहायक पाचौं)- १ जना

(ख) एसिस्टेन्ट सव. इन्जिनियर (सहायक चौथो)- २ जना

**निर्णय नं. ११ : वडा कार्यालयमा कार्यालय सहयोगी राख्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको ११ नं वडा कार्यालयमा रिक्त कार्यालय सहयोगी पदमा प्रक्रिया बमोजिम करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : दुई वटा वडा हेर्ने प्राविधिक तथा वडा सचिवहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा प्राविधिक जनशक्ति तथा वडा सचिव पर्याप्त नभएको कारण २ वटा वडाको जिम्मेवारी दिनुपर्ने अवस्था भएकोले त्यस्तो जिम्मेवारी लिएका प्राविधिक तथा वडा सचिवलाई दुई वटा वडाको कार्यसम्पादन गर्दाको बखत मासिक रु. ५ हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ : सवारी साधन खरिद सम्बन्धमा ।**

चालु आ.व.को बार्षिक कार्यक्रम अन्तर्गत सवारी साधन खरिद शिर्षकमा विनियोजित रु १० लाखबाट ३ वटा मोटरसाइकल खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ : नगर बाल अधिकार समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० तथा बेसीशहर नगरपालिकाको बाल संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०७८ को दफा १७ बमोजिम गठित नगर बाल अधिकार समितिको सदस्यमा देहाय बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

देहाय :

(क) कार्यविधिको दफा १७ को उपदफा १ (ख) वमोजिम :

१.वडासदस्य मध्येबाट : श्री शोभा अधिकारी बेनपा ९ र श्री नरेन्द्र जङ गुरुङ बेनपा ५

२.माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्येबाट : श्री नन्द बहादुर घले, श्री जनजागृति मावि बेनपा १०

३.फोकल शिक्षकमध्येबाट : श्री खिन्दुरी गुरुङ , श्री सेवासदन मावि बेनपा ४, पुरानोकोट

४.सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बालमनोविज्ञमध्येबाट : डा. हरि बोहरा, लमजुङ जिल्ला अस्पताल

५. चिकित्सक वा स्टाफ नर्समध्येबाट : मुना राउत सि अनमी, बेसीशहर नगर कार्यपालिकाको कार्यालय

(ख) कार्यविधिको दफा १७ को उपदफा १ (च) वमोजिम

१. बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट : श्री बासुदेव सेढाई बेनपा ११ र बेसीशहर ७ निवासी श्री मिना गुरुङ (पत्रकार)

**निर्णय नं. १५ : बालमैत्री स्थानीय शासन नगर समितिमा रिक्त सदस्य मनोनयन सम्बन्धमा ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ वमोजिम गठित बालमैत्री स्थानीय शासन नगर समितिमा रिक्त सदस्य पदमा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

देहाय :

(क)दफा १६ (क) ७ वमोजिम महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संस्थाहरुमध्येबाट श्री पद्मा ढकाल ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) र श्री अनिल गुरुङ नमस्ते किड्स

(ख) दफा १६ (क) ८ वमोजिम श्री काजीराम बस्नेत, बेनपा २ बालकल्याण मा वि व्य समितिको अध्यक्ष र प्रताप सुनार स्वास्थ्य व्यवस्थापन समितिको अध्यक्ष बेनपा ११

(ग) नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट क्रमशः गोमा खड्का बाल कल्याण मावि भकुण्डे र मित्रदेवी राना बेनपा ८

(घ) दफा १६ (क) ११ वमोजिम महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समुहमध्येबाट श्री लक्ष्मी श्रेष्ठ रोटऱ्याक्ट क्वल अफ लमजुङ

**निर्णय नं. १६ : स्थानीय स्वास्थ्य विमा संयोजन समिति पुनर्गठन सम्बन्धमा ।**

स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि २०७८ वमोजिम गठित संयोजन समितिको रिक्त सदस्य पदमा देहाय वमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

देहाय :

१. श्री मदन बहादुर राना वडाध्यक्ष बेनपा २

२ श्री शिव प्रसाद जोशी : वडाध्यक्ष बेनपा ११ (स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेको व्यक्ति)

३. श्री सुनिता रावल : महिला स्वास्थ्य स्वयंसेविका बेनपा ८

**निर्णय नं. १७ : औषधी उपचार खर्च उपलब्ध गराई शोधभर्ना माग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्र स्थायी बसोबास भएका मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघातका विरामीहरुलाई नेपाल सरकारले मासिक रु ५ हजारका दरले औषधी उपचार वापतको खर्च उपलब्ध गराउने तथा उक्त खर्च स्थानीय तहले विरामीहरुलाई त्रैमासिक रुपमा उपलब्ध गराउने र अर्धबार्षिक रुपमा स्थानीय तहले शोधभर्ना माग गर्ने (लिने) भन्ने भए बमोजिम अ.ल्या शिर्षकबाट उपरोक्तानुसारका विरामीहरुलाई औषधी उपचार खर्च भुक्तानी दिने र नियमानुसार शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ : स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप जाँचको लागि आवश्यक बजेट सम्बन्धमा ।**

नगरपालिका भित्रका स्वास्थ्य संस्थामा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप जाँचको लागि स्वास्थ्य शाखाबाट प्रस्ताव पेश भए बमोजिम रु ४ लाख १५ हजार अ.ल्या. शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ : जिन्सी सामाग्री वितरण सम्बन्धी मापदण्ड निर्धारण सम्बन्धमा ।**

नगरपालिकाबाट आवश्यकतानुसार वितरण गर्दै आइएको जस्तापाता, तारजाली, खानेपानी तथा सिंचाई पाइप वितरणको सन्दर्भमा व्यक्तिगत प्रयोजनको लागि माग गर्ने सेवाग्राहीहरुले सो सामाग्रीहरुमा नगरपालिकाले खरिद गर्दा लागेको शुल्कमा देहाय अनुसारको रकम नगरपालिकामा रकम जम्मा गरे पश्चात मात्र तोक आदेश बमोजिमका सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय**

(क) खानेपानी तथा सिंचाई पाइप: खरिद मूल्यको ५० % रकम
(ख) ग्याविन जाली : प्रतिथान रु. १ हजारका दरले
(ग) जस्तापाता : अति विपन्न बाहेकको हकमा खरिद मूल्यको २५ % रकम
(घ) सिलाई मेसिन, बाजा लगायत अन्य जिन्सी सामाग्रीमा : खरिद मूल्यको २० % रकम ।

**निर्णय नं. २० : योजना संशोधन/ब्रेक डाउन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय बमोजिम संशोधन, ब्रेक डाउन गर्ने गर्ने तथा भुक्तानी भएका योजना तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.फुटकर योजना तथा कार्यक्रम, बेनपा २ | ३६०००० | १.१ मानव सेवा आश्रमलाई कम्मल वितरण | २०००० |
| | | १.२ प्रहरी विट इन्टरनेट खर्च | ३०००० |
| | | १.३ दशैं शुभकामना खर्च | २०००० |
| | | १.४ सडकबत्ति, प्रहरी विट र तालको विद्युत | ६०००० |
| | | महशुल खर्च | १५००० |
| | | १.५ महिला सञ्जाल गठन पुनर्गठन | १५००० |
| | | १.६ अन्तर्क्रिया तथा तिज विशेष कार्यक्रम | ४०००० |
| | | १.७ किचन सामाग्री खरिद | |
| | | १.८ महिला सञ्जालसंग जनप्रतिनिधि अन्तर्क्रिया | |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

| साविक योजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| | | कार्यक्रम<br>१.९ विविध ( बेनपा २) | १५०००<br>१४५००० |
| २. खुकुरीमोडदेखि उत्पन्नेश्वर महादेव मन्दिरसम्मको गोरेटोबाटो निर्माण, बेनपा २ | १००००० | खुकुरीमोडदेखि उत्पन्नेश्वर महादेव मन्दिरसम्म सिंढी निर्माण बेनपा २ | १००००० |
| ३.झप्रि, कमलटारी तथा दारेगौंडा खानेपानी योजना, बेनपा ३ | ४००००० | ३.१ झप्रि कमलटारी गोरेटोबाटो बेनपा ३<br>३.२ कान्ले झप्रि बसौलागाउँ गोरेटोबाटो बेनपा ३<br>३.३ दारेगौंडा खानेपानी योजना, बेनपा ३ | २०००००<br>१०००००<br>१००००० |
| ४.पिर्सिङ आमा समुह भवन, बेनपा ४<br>५.फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | २५००००<br>६१४००० | ४.पिर्सिङ आमा समुह भवन, बेनपा ४<br>५.फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | ३५००००<br>५१४००० |
| ६.मान्द्रेढुंगा राजदलगाउँ सडक बेनपा ६<br>७.चण्डीस्थान खेलकुँद मैदान निर्माण,बेनपा ६ | ४०००००<br>१००००० | ६.मान्द्रेढुंगा राजदलगाउँ सडक बेनपा ६<br>७.चण्डीस्थान खेलकुँद मैदान निर्माण,बेनपा ६ | ३०००००<br>२००००० |
| ८.हरित सडकबाट बुद्धिसागरको घर हुँदै विष्णु पौडेलको घर जाने सिंढी निर्माण बेनपा ७ | २२९००० | ८. हरित सडकबाट बुद्धिसागरको घर हुँदै विष्णु पौडेलको घर जाने मोटरबाटो निर्माण बेनपा ७ | २२९००० |
| ९.भलुवाटार दलितबस्ती मोटरबाटो स्तरोन्नति, बेनपा ७ | २००००० | ९. भलुवाटार दलितबस्ती सिंढी निर्माण, बेनपा ७ | २००००० |
| १०.क्याम्पसचोकदेखि सातविसे हुँदै लक्ष्मी अधिकारीको घरसम्म सडक स्तरोन्नति, बेनपा ७ | ५००००० | १०. सातविसे लक्ष्मी अधिकारीको घरबाट मरनघाट सम्म जोड्ने नाली निर्माण बेनपा ७ | ५००००० |
| ११. गुफापँधेरोबाट साउनेपानी सम्म मोटरबाटो निर्माण, बेनपा ९ | ५००००० | ११. गुफापँधेरोबाट साउनेपानी सम्म सिंढी निर्माण, बेनपा ९ | ५००००० |
| १२. मङ्किनी कुसुण्डे गैराबारी खानेपानी योजना ट्याङ्की निभर्माण बेनपा ११, ( नगरस्तरीय) | ३००००० | १२.खेलमैदान निर्माण, बेनपा ११ | ३००००० |
| १३.युवा तथा खेलकुँद, बेनपा ११ | ४००००० | १३. खेलमैदान निर्माण, बेनपा ११ | १५०००० |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

| साविक योजना तथा कार्यक्रम | विनियोजित बजेट | संशोधित योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १४.स्वास्थ्य बेनपा ११ | ४००००० | १४.१ स्वयंसेविका प्रोत्साहन भत्ता, बेनपा ११<br>१४.२ गर्भवती महिला अण्डा वितरण, बेनपा ११<br>१४.३ हेल्थपोष्ट खा.पा.,बर्थिङ सेन्टर, शौचालय मर्मत तथा इन्टरनेट जडान बेनपा ११<br>१४.४ बरबोटबेसी स्वास्थ्य इकाई कम्पाउण्डिङ | ८४०००<br>४००००<br>१०००००<br>५५००० |
| १५. वन, बेनपा ११ | १००००० | १५.जनकल्याण मावि प्राविधिक शिक्षक पारिश्रमिक बेनपा ११ | १००००० |
| १६.निर्माणाधिन सामुदायिक दलित भवन निर्माण, बेनपा ११ | १००००० | १६.१ प्रगतिशील आमा समुह चल्ला खरिद<br>१६.२ अमल बाटो पाखिनडाँडा वाल निर्माण, बेनपा ११ | ४५०००<br>५५००० |
| १७.फुटकर योजना तथा कार्यक्रम, बेनपा ११ | ५२५००० | १७.१ विद्युत तार खरिद बेनपा ११<br>१७.२ प्याजको विऊ अनुदानमा वितरण<br>१७.३ कार्यालय सामाग्री खरिद ,<br>१७.४ गैरी कुलो मर्मत बजारखुटटा<br>१७.५कार्यालय सहायक प्रोत्साहन भत्ता ४ महिना | ४८४५०<br>१८७५०<br>४१०००<br>२००००<br>२४००० |

**निर्णय नं. २१ : करार सेवामा राखिएका प्राविधिकहरुको अनुमोदन सम्बन्धमा ।**

चालु आ.व. को सशर्ततर्फ प्राप्त बजेटबाट कृषि/पशुसेवा प्राविधिकतर्फ अधिकृत छैठौं तहमा कृषिसेवा तर्फ बेसीशहर नगरपालिका ७ निवासी श्री दिपेश अधिकारी र पशुसेवा तर्फ बेसीशहर नगरपालिका ११ निवासी डा.श्री सन्दिप बिष्टलाई प्रक्रिया वमोजिम करार सेवामा राखिएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेको खोला तथा नदीहरुबाट दिगो तथा वातावरणमैत्री रुपले वालुवा तथा अन्य नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री कार्यको लागि चालु आ.व. २०७९।८० मा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको सेवा प्रदायक छनौटको लागि १५ दिनको सूचना प्रकाशन गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २३ : ढुंगा, गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।**

**(क)ठेक्का नं. ५, पुवाखोला दोभानको ठेक्का सम्बन्धमा ।**

प्राकृतिक श्रोत उपयोग कर अन्तर्गत बेसीशहर नगरपालिका वडा नं ६ र ७ स्थित पुमाखोला दोभानको ठेक्का सम्बन्धमा यस कार्यालयको निर्णयानुसार ३ पटक सूचना प्रकाशन गर्दा समेत कुनै बोलपत्रहरु पर्न नआएको तथा उक्त घाट भएको स्थानमा मरनघाट निर्माण भइसकेकोले बर्षाको समयमा मर्स्याङदी नदीले वगाएर थुपारेको वालुवा मात्र प्राविधिकको इष्टिमेटको आधारमा उठाउने अनुमतिको लागि बेसीशहर ७ निवासी श्री

सिजन श्रेष्ठले यस कार्यालयमा निवेदन पेश गरेकाले प्राविधिक इष्टिमेटको आधारमा रकम जम्मा गर्न लगाई उक्त स्थानमा जम्मा भएको वालुवा संकलन तथा बिक्रीका लागि निज श्री सिजन कुमार श्रेष्ठलाई अनुमति दिने निर्णय गरियो।

**(ख)ठेक्का नं. ९, सालडांडाको ठेक्का सम्बन्धमा।**

बेसीशहर नगरपालिका वडा नं १० स्थित सालडाँडाको ठेक्का सम्बन्धमा यस कार्यालयको निर्णयानुसार ३ पटक सूचना प्रकाशन गर्दा समेत कुनै बोलपत्रहरु पर्न नआएकोले वर्षाको समयमा मर्स्याङ्दी नदीमा आएको बाढीले उक्त घाटसम्म जाने बाटोहरु अवरुद्ध भएका कारण हाल मर्मत गरी मर्स्याङ्दी नदीले वगाएर थुपारेको वालुवा तथा वालुवा सिसिएका ग्राभेल उठाउने अनुमतिको लागि श्री वर्षा निर्माण सेवा, बेसीशहर ७, लमजुङले यस कार्यालयमा निवेदन पेश गरेकाले यस कार्यालयको न्यूनतम ठेक्का अंक रु. १० लाख (भ्याट वाहेक) मा नघटाई मर्स्याङ्दी नदीले वगाई ल्याएको वालुवा तथा वालुवा मिसिएको ग्राभेल संकलन तथा विक्री कार्यका लागि निज श्री वर्षा निर्माण सेवा, बेसीशहर ७ संग ठेक्का सम्झौता गर्ने निर्णय गरियो।

**(ख)उदिपुर, आर्मि ब्यारेक पुछारको भागमा जम्मा भएको वालुवा सम्बन्धमा**

गत वर्ष आएको अविरल वर्षाका कारण बेसीशहर नगरपालिका १ उदीपुरमा डुम्रे बेसीशहर मोटरबाटोलाई समेत ठूलो असर पर्ने गरी गएको पहिरोका कारण बेसीशहर नगरपालिका वडा नं. १, आर्मी ब्यारेक पुछारको भागमा यस वर्ष ठेक्का नलगाइएकोमा हाल सडक मार्ग समेत नियमित सुचारु भइसकेको र मर्स्याङ्दी नदीले थुपारेर जम्मा भएको वालुवा मात्र अन्य संरचनालाई असर नपर्ने गरी नदीको धार परिवर्तन नहुने गरी संकलन गरी विक्री गर्न यस कार्यालयको प्राविधिक सहितको स्थलगत अनुगमन गरी सोही अनुसार इष्टिमेटको आधारमा ७ दिनको सूचना जारी गरी ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो।

**<u>निर्णय नं. २४ :सडकबत्ती व्यवस्थापनको सम्बन्धमा।</u>**

बेसीशहर नगरपालिकाका विभिन्न स्थानहरुमा सडकबत्तीको आवश्यकता महशुश भएको हुँदा चालु आ.व.को सडकबत्ती विस्तार तथा मर्मत सम्भार शिर्षक र सो शिर्षकबाट अपुग भएमा विद्युत सम्बन्धी फुटकर कार्यक्रम शिर्षकबाट समेत विद्युत तार, होल्डर र बल्व लगायतका सामाग्रीहरु खरिद गरी आवश्यक स्थानहरुमा सडक बत्ति बाल्ने तथा यस सम्बन्धी व्यवस्थापन मिलाउने निर्णय गरियो।

**निर्णय नं. २५ : औद्योगिक ग्रामको डिपिआरको म्याद थप सम्बन्धमा।**

बेसीशहर नगरपालिका वडा नं ५ र ९ सितलेस्वाँरा स्थित प्रस्तावित औद्योगिक ग्राम निर्माणको लागि तयार गर्न लागिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको जिम्मा पाएको स्याङ्जा चापाकोट स्थित ज्ञानी इन्जिनियरिङ कन्सल्टेन्सीसंगको सम्झौताको म्याद २०७९ माघ १५ सम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. २६ : नगरपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा।**

बेसीशहर नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ नियम १७ (१) वमोजिम नगर कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मालाई बेसीशहर नगरपालिकाको प्रवक्ताको रुपमा चयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २७ : निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।**

यस बेसीशहर नगरपालिकामा घ बर्गको निर्माण व्यसायी इजाजतपत्रको लागि प्राप्त भएको निवेदन सम्बन्धमा न्यूनतम योग्यता पुगेको देहायको निर्माण व्यवसायी फर्म/कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको बैठक

देहाय :

१. अन्नपूर्ण हिमालयन कन्स्ट्रक्सन बेसीशहर नगरपालिका वडा नं १०, प्रोपराइटर श्री हिराजङ तामाङ

**निर्णय नं. २८ : घर निर्माणको स्वीकृति सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित राम प्रसाद वाग्लेको घर निर्माणको लागि दरखास्त परेको हुँदा बेसीशहर सडकको सेन्टर लाइनबाट १६ मिटरको दुरीमा घर निर्माणको लागि स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. २९ : कार्यक्रम सञ्चालनको लागि अनुमति दिने सम्बन्धमा ।**

टोखा नगरपालिका ७ तिलिङटार धापासी स्थित दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान नामक गैर सरकारी संस्थाले बेसीशहर नगरपालिका समेतलाई कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको हुँदा सो संस्थालाई कार्यक्रम तथा गतिविधि सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० : बेतलबी अध्ययन विदा स्वीकृत सम्बन्धमा ।**

यस नगर कार्यपालिकाको कार्यालयमा इन्जिनियर (अधिकृत छैटौं) तहमा स्थायी सेवामा कार्यरत श्री सुजन श्रेष्ठले बैदेशिक अध्ययनको लागि १ बर्ष बेतलबी विदा पाउँ भनि निवेदन पेश गर्नु भएकोले २०७९।०९।०१ बाट लागु हुने गरी निजको १ बर्षे बेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१ : घर भाडा सम्झौताको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ५ नं वडा कार्यालयको भवन निर्माणाधिन अवस्थामा रहेकोले हाल भाडाको घरबाट वडा कार्यालय सञ्चालन हुँदै आएको हुँदा सो घरभाडा सम्झौताको म्याद २०७९।०४।०१ बाट २०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२ : वडा कार्यालय तथा स्वास्थ्य चौकीको विद्युत महशुल सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ११ स्थित चिती स्वास्थ्य चौकी र वडा नं ८ को वडा कार्यालयको बक्यौता विद्युत महशुल ( ८ नं वडा कार्यालयको हकमा घरभाडा सम्झौता समेतको आधारमा) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ : नगरपालिकामा स्तनपान कक्ष स्थापना गर्ने सम्बन्धमा ।**

आफ्ना बालबच्चाहरुलाई स्तनपान गराउनु पर्ने सेवाग्राही तथा कर्मचारीहरुको सुविधाको लागि यस बेसीशहर नगर कार्यपालिकाको कार्यालयमा स्तनपान कक्ष स्थापना गर्ने निर्णय गरियो ।